**Nepali: What is the Gospel? By Duncan Heaster**

**www.carelinks.net email: info@carelinks.net**

## सुसमाचार के हो ?

यो राम्रो हो की तपाईले ध्यानपूर्वक बाइबलको समाचारको लागि समय दिनु भएको छ । सायद तपाई धर्मप्रति सजग हुनुहुन्छ । गीर्जाघरमा जानु, आचार पालना गर्नु र परम्पराको अनुशरण गर्नु । हामी तपाईसँग पूर्णतया सहमत छौं । बाइबलले परमेश्वर त्यस मानिसका हृदयमा वस्नु हुन्छ जसले उहाँको बचन सुन्दछ भनी सिकाउँदछ । हामीले त्यस्ता चाडपर्वहरुको पालना गर्नुपर्छ जुन बाइबलले स्पष्टसँग बुझाएको छ र त्यस्ता चाडपर्वहरु बाइबलमा एकदम थोरै छन् । पानीमा डुबेर वप्तिस्मा लिनु र प्रत्येक हप्ता येशू ख्रीष्टको सम्झनामा रोटी भाच्नु दुई मुख्य चाडपर्व हुन् ।

सायद तपाई केवल साधारण मानिस हुनुहुन्छ जसको जीवनमा प्रभु चाहनुहुन्छ तर त्यसभन्दा गहिराईमा जान चाहनुहुन्न । अब यो सायद हामी मध्ये धेरैको लागि ठीक हुनसक्छ जसले धार्मिक पत्र पढ्छन्, बाइबल व्याख्यान सुन्नका लागि आउँछन वा त्यसबारे छलफलका लागि आउँछन । यो आश्चर्य छ की हामी परमेश्वरमा विश्वास गर्छौं । निश्चय नै उहाँ विद्‌यमान हुनुहुन्छ र त्यहाँ धेरै कुराहरु पत्ता लगाउनका लागि पर्खेका छन् । परमेश्वरको पवित्र वचन बाइबल अध्ययन गर्दा हामी उहाँलाई बुझ्न सक्दछौं र प्रभुको अनन्त योजनामा सामेल हुन सक्दछौं । यो पुस्तक प्रभुको पवित्र आत्माद्‌वारा प्रभावित मानिसहरुले लेखेका हुन् । यो अन्य पुस्तक जस्तै केवल मानिसका बचनहरु होइनन् । यसकारण बाइबल अध्ययनयोग्य छ ।

सायद तपाई सोच्नु हुन्छ तपाईलाई सवै थाहा छ । तपाईले बाइबल हेर्नुभएको छ, तपाईले वुझ्नु भएको छ । तर यदि तपाई साच्चिकै इमान्दार हुनुहुन्छ भने केही कुरा अपुर्ण छ । त्यहाँ रिक्तता अझै छ, त्यो भविष्यको डर, त्यो अनिश्चितताको अन्तिम गन्तव्य - यावत दुविधा जुन कालो कुकुर झै धेरै मानिसलाई चिहानसम्म पुऱ्याउँदछ । हामी तपाईलाई भन्नेछौं एकचोटी फेरी कोशिस गर्नुहोस् । सायद मानिसको व्याख्याले तपाईको बाइबलप्रतिको विचारलाई दिग्भ्रमित तुल्यायो होला । फेरी बाइबलको लेखमा फर्कनुहोस् ।

अथवा, तपाईले ईसाई धर्मलाई केवल अर्को मानसिक वर्णनयोग्य घटनाको दृष्टिले हेर्नुहुन्छ वा कुनै क्षणिक आनन्दको लागि वा अर्को रमाइलो विषयको लागि वा बाटो छेउको अर्को शहर जुन सवैले समानरुपमा चिहानमा पुऱ्याउँदछ । यस किसिमका स्वार्थी विचारका लागि जीवन धेरै छोटो छ । एक दिन तपाईलाई चिहानमा राखिने छ । एकदिन डरलाग्दो अन्तिम मृत्युले तपाईलाईं समाउनेछ । अतः आजै बाइवलको लेखहरुलाई सच्चा ध्यान

दिनुहोस् । कृपया तपाई केवल आफ्नो हितको खातिर जीवनका केही समय कम्तिमा पनि बाइबलले भनेका कुरालाई मनन् गर्न बिताउनुहोस्  ।

**अतः के अब म सुसमाचार के हो भन्ने प्रश्नलाई सम्बोधित गर्न  सक्छु ?**

कृपया नयाँ करारको मत्तीको पहिलो खण्डको पहिलो पद खोल्नुहोस् । यो मत्तीको सुसमाचारको व्याख्याको शुरुवात हो । हामी पढ्छौ :

*अब्राहामको पुत्र, दाऊदका पुत्र येशू ख्रीष्टको वंशावलीको विवरण*

हामीले सोचेको जस्तो छैन । उहाँले भन्नुहुन्छ येशू ख्रीष्ट दाऊद र अब्राहामका सन्तान हुन् भनि । यो कुरा मत्तीको सुसमाचारको शुरुवात हो । पलले पनि यही भनेका थिए । गलातीको ३ अध्यायको ८ पदमा हेर्नुहोस् ।

*धर्मशास्त्रले पहिल्यैबाट लेखिसकेको थियो कि परमेश्वरले गैर-यहूदीहरु लाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ, अनि धेरै अघि नै अब्राहामलाई यो सुसमाचार भनिसक्नु भएको थियो  "तिमीद्वारा सवै राष्ट्रहरुले आशिष् पाउनेछन् ।"*

अतः अब्राहामलाई प्रतिज्ञा गरिएको नै सुसमाचार हो । त्यही कुरा पलले पनि भनेका छन् । यसकारण यदि हामीले परमेश्वरले अब्राहामलाई के प्रतिज्ञा गरेका थिए सो बुझ्यौं भने हामीले सुसमाचार के हो भन्ने बुझ्न सक्दछौं । अतः हामी पुरानो करारमा जाऔं र हेरौं परमेश्वरले अब्राहामलाई के भन्नुभयो पढौं । हामी उत्पत्ति खण्डमा जाऔं जुन बाइबलको पहिलो पुस्तक हो । उत्पत्ति १७ अध्यायको ८ पदमा हेरौं ।

*तैले प्रवास गरेको यो देश, अर्थात सारा कनान देश तँ र तेरा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु र म तिनीहरुको परमेश्वर हुनेछ ।*

अनि अब्राहामलाई ऊर उसको सन्तानले अनन्तसम्म पृथ्वीमा बाच्नेछन् भनी भनिएको छ । अतः अनन्त जीवन यस्तो विचार हो, जुन पुरानो करारमा पाउँदछौं । ध्यान दिनुहोस् बाइबलको मूलभूत समाचार शुरुदेखि अन्तसम्म सवै समान छन् । तपाई प्रश्न राख्न सक्नुहुन्छ यो कसरी हुन सक्छ ? उत्पत्ति २२ अध्यायको १७ र १८ पदहरुमा पल्टाउनुहोस् ।

*तेरा सन्तानको बृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवा सरह म तुल्याउनेछु । तेरा सन्तानले आफ्नो शत्रुहरुका शहरहरु कब्जा गर्नेछन् । तेरै सन्तानद्वारा पृथ्वीका सवै जातिहरु आशिर्वाद पाउनेछन्, किनकी तैले मेरो बचन पालना गरिस् ।*

अब्राहामको एउटा छोरो हुनेछ जो सवै संसारको लागि आशिष्को स्रोत हुनेछ । अब बाइबललाई बुझ्नको लागि हामीले के मनन् गर्नु पर्दछ भने बाइबलले कसरी आफैलाई उद्धृत गर्दछ र हामीलाई अर्थ दिन्छ । यी बचनहरु जुन हामीले भर्खर पढ्यौ सवैं नयाँ करारमा उद्धृत छ प्रेरित ३ अध्यायको २५ र २६ पदहरुमा जाऔ. र अर्थ बुझौं ।

*तिमीहरुका पुर्खाहरुसँग परमेश्वरले गर्नु भएको करार र ती अगमवक्ताहरुका तिमीहरु सन्तान हौं । उहाँले अब्राहामलाई भन्नु भएको थियो, “तेरा सन्तानद्वारा पृथ्वीका सवै मासिनहरुले आशिष् पाउनेछन् ।” जब परमेश्वरले आफ्नो सेवकहरुलाई बौराउनु भयो तिमीहरु सवैलाई दुष्ट मार्गबाट फर्काउन परमेश्वरले उहाँलाई सवैभन्दा पहिले तिमीहरुलाई नै आशिष् दिन पठाउनुभयो ।*

यसकारण अब्राहामका सन्तान को हुन ? येशु, अनि कुन आशिष् उहाँले सवै संसारका मानिसलाई दिनुहुनेछ ? पापबाट क्षमा र मोक्षका आशिषहरु । अगाडि जाऔं गलाती ३ अध्यायको १६ पदमा ।

*प्रतिज्ञाहरु अब्राहाम र उनका सन्तानलाई दिइएको थियो । धर्मशास्त्रले “अनि उनका सन्तानहरुलाई” अर्थात धेरै मानिसहरुलाई भनेको छैन तर “तिम्रो सन्तानलाई” भनेको छ जसको अर्थ एउटै व्यक्ति जो ख्रीष्ट हुनुहुन्छ ।*

अतः अब्राहामका सन्तान एउटा मानिस थिए एक्लो, येशू । तर एक्लो मानिस कसरी आकाशका ताराहरु जस्तै धेरै भन्दा पनि धेरै हुन गए ? यसको लागि गलाती ३ अध्यायको २७ देखि २९ पदहरुलाई पढौं ।

*किनकी तिमीहरु जति जनाले ख्रीष्टमा वप्तिस्मा पायौं, तिमीहरुले ख्रीष्टलाई धारण गरेका छौं । अब तिमीहरु नता यहूदी न ग्रीक, नत कमार, न फुक्का, नता पुरुष, न स्त्री हौ किनकी ख्रीष्ट येशूमा तिमीहरु सवै एउटै हौ । यदि तिमीहरु ख्रीष्टका हौ भने, तिमीहरु अब्राहामका सन्तान हौं, अनि प्रतिज्ञा बमोजिम उत्तराधिकारी हौं ।*

अतः त्यस्ता व्यक्तिहरु जसले ख्रीष्टमा वप्तिस्मा पाए उनीहरु मात्र पृथ्वीमा अनन्त जीवनको प्रतिज्ञाको भागिदार हुनेछन् । यसकारण यदि हामीलाई बचाइनु छ भने हामीले वप्तिस्मा लिनुपर्दछ। पलले यो आशालाई इस्रायलको आशा भनेका छन् । (प्रेरित २८:२०) मृत्युको सामना गर्दा यो उनको आशा थियो - इस्रायलको आशा । अव वप्तिस्मा के हो ? यो पानी छर्कनु मात्र होइन । नयाँ करार ग्रीकमा लेखिएको हो । अनि अनुवाद गरिएको वप्तिस्मा शब्दको खास अर्थ डुबुल्की लिनु हो । यो शब्द पानी जहाज डुब्दा वा कपडाको टुक्रालाई एउटा रङ्गबाट अर्कोमा रंगाउनको लागि डुबाइने क्रियालाई भनिने गरिन्थ्यो । मत्ती ३ अध्यायको १३ देखि १६ पदहरुमा हेरौं ।

*त्यसपछि येशू यूहन्नाद्वारा बप्तिस्मा हुनलाई गालीलबाट यर्दनमा आउनु भयो । तर युहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, “मलाई तपाईबाट बप्तिस्मा हुनु खाँचो छ, तर तपाई पो म कहाँ आउने ?” येशुले जवाफ दिनुभयो, “अहिले यसै हुन देओ, सवै धार्मिकता पूरा हुनलाई हाम्रो लागि यो गर्नु नै उचित छ ।” तब युहन्ना राजी भए । येशूले जसै बप्तिस्मा लिनुभयो, उहाँ पानीबाट निस्केर माथि आउनु भयो । त्यसबेला स्वर्ग उघ्रियो, अनि उहाँले परेश्वरको आत्मालाई ढुकुर झैं ओर्लदै आएर आफुमाथि वस्नु भएको देख्नुभयो ।*

येशू पानी मूनि जानु भयो र माथि आउनु भयो । उहाँले बच्चाले झै नभई मानिसले झै पानीमा चुलुम्म डुबेर वप्तिस्मा लिनुभयो, पानी छर्केर होइन । किनकी वप्तिस्मा नदीमा लिइएको थियो । अनि उहाँले वप्तिस्मा लिनु भएको थियो भने हामीले पनि लिनुपर्दछ । पानीमा पुरा डुबेर माथि आउनुले येशूको मृत्यु एवं पुनरुत्थानको संकेत गर्दछ र हामीले उहाँको मृत्यु एवं पुनरुत्थानलाई आफ्नो बनाएको ठहर्दछ । यसकारण वप्तिस्मा पानीमा डुबेर हुन्छ, पानी छर्केर होइन । रोमी ६ अध्यायको ३ देखि ५ पदहरुमा हेरौं ।

> *के तिमीहरुलाई थाहा छैन - ख्रीष्ट येशुमा हामी जति जना वप्तिस्मा भयौं, हामी सबै उहाँको मृत्युमा वप्तिस्मा भयौं ? तसर्थ, वप्तिस्माद्वारा मृत्यु भएको कारण हामी उहाँसँगै गाडियौं र जसरी ख्रीष्ट मृत्युबाट पिताको महिमाद्वारा व्यूताइनुभयो, त्यसरी, हामी पनि नयाँ जीवन जिउनेछौं । उहाँको मृत्युमा हामी उहाँसँग एक भएका छौं भने, उहाँको बौरी उठाइमा पनि हामी उहाँसँग एक हुनेछौं ।*

तसर्थ हामी तपाईलाई वप्तिस्मा लिनुहोस् भनी अपील गर्दछौं । तपाई आफ्नो जीवनको लक्ष्य येशू ख्रीष्टलाई ग्रहण गर्ने बनाउनुहोस् । हामी येशूमा वप्तिस्मा लियौं भने बल्ल उहाँको प्रतिज्ञाहरु हामीमा लागू हुन्छ । यसर्थ उहाँ फेरि आउनु भयो भने हाम्रो पुनरुत्थान हुन्छ, निर्णय हुन्छ र यदि हामी निष्ठासँग परमेश्वरको बचनमा बाँचेका छौं भने उहाँसँग भएको अनन्त जीवन हामीले पाउछौं । अनि हामी सधैका लागि परमेश्वरको राज्यमा यस पृथ्वीमा बाँच्नेछौ । तपाईको जीवनले नयाँ अर्थ तब पाउँदछ जब तपाईले यस कुरामा विश्वास गर्नु हुन्छ । हामीले बुझ्दछौ की जे-जति सांसरिक समस्याहरु छन् ती सबै क्षणिक हुन् । जब ख्रीष्ट फर्कनु हुन्छ उहाँले हामीलाई नयाँ अनन्तको जीवन दिनु हुनेछ । यसकारण बाइबल र ख्रीष्टमा साच्चिकै आशा छ । यो आशा अझै यति ठूलो छ की हामीलाई हाम्रो वर्तमान समस्या त्यति ठूलो लाग्ने छैन ।

तर यो कसरी हुन सक्छ हामीलाई एक जना मानिस येशूले बचाउनु हुन्छ भन्ने ? उहाँ हाम्रो प्रतिनिधि हुनुहुन्थ्यो र यसर्थ हामी उहाँको मृत्यु एवं पुनरुत्थानमा वप्तिस्मा लिनु पर्दछ । उहाँ हामी जस्तै हुनुहुन्थ्यो । हिबुर २ अध्यायको १४ देखि १८ पदहरु हेरौ ।

> *छोराछोरीहरुका मासु र रगत भएको हुनाले, उहाँले तिनीहरुको मानव रुप लिनु भयो ताकि आफ्नो मृत्युद्वारा उहाँले शैतानलाई नष्ट गरुन्, जससित मृत्युको अख्तियार छ, र जीवनभरि मृत्युको डर बोकेर दासत्वको बन्धनमा रहनेलाई मुक्त गरुन् । किनकी उहाँले अवश्य नै स्वर्गदूतहरुलाई होइन, तर अब्राहामका वंशलाई सहायता दिनु हुन्छ । यसैकारण उहाँ परमेश्वरको सेवामा कृपालु अनि विश्वासयोग्य प्रधान पूजाहारी बनून् र मानिसहरुका पापहरुको प्रायश्चित होऊन भनेर उहाँलाई हर किसिमले आफ्ना भाइहरु झै हुनु पर्ने थियो । उहाँ आफै परिक्षित हुनुहुँदा कष्ट भोग्नु भएकोले, परीक्षामा पर्नेहरुलाई उहाँले सहायता गर्न सक्नु हुन्छ ।*

ध्यान दिनु पर्ने कुरा के छ भने शैतान कुनै पशु वा भयंकर रुक्ष प्राणी होइन । यो पापलाई चिनाउनको लागि प्रयोग गरिएको हो । "पापको ज्याला मृत्यु हो" (रोमी ६:२३) तर यहाँ

हामीले पढेका छौ शैतानसँग “मृत्युको शक्ति” छ । हामी कुनै वाहिरको अदृश्य व्यक्तिसँग होइन आफ्नै वानी व्यहोरा विरुद्ध लड्नु पर्दछ । येशू आफैले हामी जस्तै मानवरुप लिनु भयो भनी पद १४ ले वारम्वार भनेको छ । तर पनि धेरै जसो ख्रीष्टियन समूहले तीनवटा परमेश्वरको त्रीप्रभु हुनुहुन्छ जसमध्ये एउटा येशू हुनुहुन्छ भनी सिकाएका छन् । यो वाइवलमा भनिएको छैन । येशूको वारेमा सही बुझ्न एकदम आवश्यक छ भनी हिबुरमा उल्लेख छ । उहाँ हुबहु मानिस जस्तै हुनुहुन्थ्यो । यसमा लेखकले चार पल्टसम्म जोर दिनुभएको छ । उहाँ हामी जस्तै परिक्षित हुनु भएको थियो । हामी कसरी परीक्षामा पर्दछौ ? आफ्नै मानवीय स्वभावले । याकुब १ अध्यायको १३ देखि १५ पदहरु हेरौं ।

*परीक्षा हुँदा कसैले पनि यसो नभनोस् “परमेश्वरद्वारा मेरो परीक्षा भएको हो ।” किनकी कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न । तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ । तब खराब इच्छाले गर्भधारण गरे पछि त्यसले पाप जन्माउँछ अनि पाप पुरै वढेपछि त्यसले मृत्यु ल्याउँदछ ।*

यसको अर्थ येशूको स्वभाव मानिसको जस्तै थियो । परमेश्वरलाई परीक्षामा पार्न सकिदैन भनिन्थ्यो तर हिब्रुले भने अनुसार येशू परीक्षामा पर्नु भएको थियो । यसकारण येशू परमेश्वर हुनुहुन्नथियो । उहाँ परमेश्वरको पुत्र, मारियमतर्फका दाऊद र अब्राहामका सन्तान, एउटा मानिस हुनुहुन्थ्यो । यसै गरी परमेश्वरको जन्म हुँदैन तर येशूको जन्म भएको थियो । परमेश्वरको मृत्यु हुँदैन तर येशूको मृत्यु भएको थियो । हामीले परमेश्वरलाई देख्न सक्दैनौ तर मानिसले येशूलाई देखेका थिए र हात लगाएका थिए । परमेश्वरको जन्म अगाडि येशूको अस्तित्व थिएन । अतः येशू मरियमको कोखबाट जन्मेका परमेश्वरको पुत्र हुनुहुन्छ । लुका १ अध्यायको ३१ देखि ३५ पदहरु हेरौं ।

*तिमी गर्भवती हुनेछौं र एउटा पुत्र जन्माउनेछौं, र तिमीले उहाँको नाउँ येशू राख्नु । उहाँ महान् हुनुहुनेछ र परम प्रधानका पुत्र भनिनुहुनेछ । परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ र उहाँले याकुबको घरानामाथि सदासर्वदा राज्य गर्नुहुनेछ । अनि उहाँको राज्यको अन्त्य हुनेछैन । मरियमले स्वर्गदूतलाई सोधिन् यो कसरी हुन सक्ला, किनकी म त एक कन्या हुँ र” स्वर्गदूतले जवाफ दिए, “पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ, र परम् प्रधानको शक्तिले तिमीलाई छाया पार्नेछ । यसकारण जन्मनु हुने उहाँ जो पवित्र हुनुहुन्छ, उहाँ परमेश्वरका पुत्र कहलाइनुहुनेछ ।*

ध्यान दिनुहोस् यी पदहरु सवै भविष्य कालमा लेखिएका छन् । उहाँ परमेश्वरको पुत्र हुनुहुनेछ, मरियम गर्भवती हुनुहुनेछ यो नै येशूको शुरुवात हो, हुन त येशू शुरुदेखि नै परमेश्वरसँग हुनुहन्छ । हामी ध्यान देऔं मरियम एउटा साधारण आइमाई थिइन् । येशू अब्राहाम र दाऊदका सन्तान थिए र यो सम्भव थियो. किनकी उहाँको आमा पनि उनीहरुकै सन्तान थिए । यदि येशू परमेश्वर हुनुहुन्थ्यो भने मरियम परमेश्वरका आमा हुनुहुन्थ्यो र

उहाँ साधारण आइमाई हुनुहुन्नथियो । बाइबलले सिकाएको झै येशू परमेश्वर पुत्र एवं मरियमको कोखबाट जन्मेका अब्राहाम र दाऊदका सन्तान मासिनको पुत्र हुनुहुन्थ्यो भने यसले मरियम साधारण आइमाई थिइन् भन्ने प्रमाणित गर्दछ । यसकारण यी सवै हुन वा यी सवै होइनन् - साचो विश्वासको व्यवस्था वा गलत विश्वासको व्यवस्था । असल शिक्षामा विश्वास राख्नु महत्वपूर्ण छ किनभने त्यसले (शिक्षाले) हाम्रो जीवनमा असर गर्दछ । हिब्रु ४ अध्यायको १५ र १६ पदहरु हेरौं ।

> *किनकी हामीसित हाम्रा कमजोरीहरुमा सान्त्वना दिन नसक्ने प्रधान पुजाहारी होइन, तर हामीसित त यस्ता प्रधान पुजाहारी हुनुहुन्छ जो हामी झै हरेक किसिमले परीक्षीत हुनु भएर पनि पाप रहित हुनुहुन्छ । यसकारण, हाम्रा खाँचोहरुको समयमा हामीले कृपा र अनुग्रांह पाऔं भनेर हामी आत्मविश्वास साथ कृपाको सिंहासनको नजीक जाऔं ।*

किनकी येशू मानिस जस्तै हुनुहुन्थ्यो यसकारण हामी विश्वस्त भई उहाँबाट परमेश्वरलाई प्रार्थना गर्न सक्दछौं । हाम्रो प्रार्थना स्वीकार्य हुन हामीलाई मानव पुजारी, गीर्जाघर वा गुरुवा चाहिदैन ।

के म सुसमाचार के हो भन्ने प्रश्नको वारेमा बोलेका यावत कुराहरुका शारांश गर्न सक्छु ?

१. परमेश्वर एउटै हुनुहन्छ तीनवटा होइन ।
२. येशू परमेश्वरका पुत्र हुनुहुन्छ, परमेश्वर होइन, उहाँ परमेश्वर जन्मदा हुनुहुन्न थियो । येशूसित हामी धेरैलाई जस्तै परीक्षाहरु र मानवीय स्वभावहरु थियो तर उहाँले कहिल्यै पाप गर्नु भएन । उहाँले आफ्नो जीवन हाम्रो निम्ति कष्टमय मृत्युमा राख्नुभयो तर पनि कहिल्यै पाप गर्नु भएन यसकारण परमेश्वरले उहाँलाई मृत्युबाट बौरी उठाउनु भयो ।
३. ख्रीष्टको नाउँमा बुझेर पानीमा डुबी वप्तिस्मा लिएपछि हामीले उहाँको मृत्यु एवं पुनरुत्थानको अधिकार पाउँदछौं ।
४. जब येशु ख्रीष्ट फर्कनुहुन्छ हाम्रो पुनरुत्थान, एवं निसाफ हुनेछ र हामीलाई अनन्तको जीवन उहाँको राज्यमा दिनुहुनेछ जुन यस पृथ्वीमा हुनेछ । उहाँको राज्य इदन बगैचाको संसार जस्तो हुनेछ वा त्यो भन्दा पनि असल जुन उहाँले पहिलो मानिस सिर्जना गर्दा बनाउनु भएको थियो । युद्घ, भोकमरी, दुःख र मृत्यु जस्ता यावत पृथ्वीका समस्याहरुको अन्ततोगत्वा सदाको निम्ति समाप्त हुनेछन ।
५. मृत्युपछि हामी अचेतनमा हुन्छौं । नर्ग भनेको चिहान हो ।
६. प्राण मरणशील छ, हामी धूलोबाट बनाइएका हौ र धूलोमा नै फर्कन्छौं । हाम्रो जीवनको शक्ति आत्मा जुन हामीसँग छ, त्यो परमेश्वरले हाम्रो मृत्युपछि फिर्ता लानुहुन्छ । मृत्युपछि हामी कुनै चेतनामय संरचनामा जिवित हुदैनौं ।

७. हामी भित्रको खराव विचारहरु जसका विरुद्ध हामीले संघर्ष गर्नुपर्दछ त्यो नै शैतानको प्रतीक हो । यो कुनै अष्तित्व भएको भयंकर राक्षस वा पशुको नाम होइन । परमेश्वर सत प्रतिशत शक्तिशाली हुनुहन्छ । उहाँले आफ्नो शक्ति शैतानसँग बाड्नु हुँदैन । हाम्रो सवै समस्याहरु परमेश्वरबाट आउँदछ शैतानवाट होइन । यसकारण यस्ता समस्याहरुमा साकारात्मक आत्मिक उद्देश्यहरु हुन्छन् ।

८. बाइबलको स्वअध्ययनबाट हामीले परमेश्वरको सत्य बाटो पाउँदछौं ।

म तपाईलाई यी यावत कुराहरुको अध्ययन गर्न अपिल गर्दछु र आफैलाई तबसम्म आराम नदिनुहोस् जबसम्म तपाईले सुसमाचार के हो भन्ने प्रश्नको जवाफ साच्चिकै बुझ्न सक्नु हुन्न । म आशावादी छु की तपाईले हाम्रो निशुल्क बाइबल कोर्स अध्ययन गर्नु हुनेछ र एक दिन पानीमा डुबेर वप्तिस्मा लिने आफ्नो लक्ष्य राख्नु हुनेछ । यसपछि तपाईलाई अनन्त जीवनको आशा आउँदछ । यो ठिक हो हामी अनन्त जीवनको कल्पना गर्न सक्दैनौं । म के मात्र भन्न सक्छु भने तपाई एउटा एकदम लामो रेखाको कल्पना गर्नुहोस् जसको अन्तिम विन्दु छैन । त्यो रेखा टाढासम्म फैलिएको छ । अहिलेको हाम्रो जीवन भनेको त्यही अनन्त रेखाको शुरुको केही मिलीमीटर लम्बाई हो । यदि हामी येशूको नाउँमा वप्तिस्मा लिएर उहाँमा जियौं भने यो हाम्रो साचो आशा हुनेछ । यसलाई केवल धर्मको रुपमा वा कुनै साधारण वस्तुको रुपमा नलिई गम्भिर भएर सोच्नुहोस् भनी म तपाईलाई विन्ति गर्दछु ।

-दुनक्यान हिस्टर

**सार्थक तरीकाले बाइबल अध्ययन गर्न सिकौं ।**

**निशुल्क उपलब्ध**

एउटा बाइबल छ तर धैरै जीर्गाघरहरु । सुसमाचार के हो हामी सवैले पत्ता लगाऔं । बाइबलको सत्य समाचार पत्ता लगाउनेको निम्ति तपाई आफैले बाइबल पढ्नु पर्दछ भनी हामी आग्रह गर्दछौ । हामीलाई विश्वास छ परमेश्वर एउटै हुनुहुन्छ र येशू परमेश्वरको पुत्र हुनुहुन्छ । अनि उहाँसँग मानिसको स्वभाव थियो । यसकारण हामीले उहाँको मृत्यु एवं पुनरुत्थानको फाइदा लिनको लागि पानीमा पुरा डुबेर वप्तिस्मा लिनुपर्दछ । छिट्टै उहाँ यस पृथ्वीमा आफ्नो राज्य स्थापनाको निम्ति आउनु हुनेछ (स्वर्गमा होइन) । कृपया तलको निवेदन पत्र भरेर निःशुल्क पुस्तिका पाउनुहोस् जसले तपाईलाई बाइबल अध्ययनमा सहयोग गर्नेछ ।

---

नामः ..........................................................................................

ठेगाना : ..........................................................................................

..................................................................................................

.............................................. टेलिफोन : .....................................

भाषा : .....................................

## पठाउने ठेगाना :

Carelinks, PO Box 152 Menai NSW 2234 AUSTRALIA

info@carelinks.net